पुस्तान्तरणको बहसमा रुमल्लिएको कम्युनिस्ट पार्टी (३)

रञ्जित तामाङ

सिटी डेन्टल

आधुनिक प्रविधिबाट सञ्चालित यहाँ नयाँ प्रविधिबाट दाँत लगाउनुको साथै मुख तथा दाँतसम्बन्धी सम्पूर्ण उपचार गरिन्छ ।

यसको शाखा मधुमल्लामा पनि खुलेको छ ।

दमक-६, झापा
फाल्गुनन्द चौक
फोन: ०२३-५७५४०९

जि.प्र.का.झापा द.नं.६९। ०५७।०५८ सत्यता, स्वतन्त्रता र निष्पक्षता हाम्रो प्रतिबद्धता राष्ट्रिय दैनिक

पूर्वसन्देश

PURBA SANDESH NATIONAL DAILY

purbasandesh.com

शुभकामना

विजयादशमी, शुभ दीपावली तथा छैठ पर्व २०८३ को पावन अवसरमा समस्त ग्राहकवर्ग, उद्यमी, व्यवसायी, एवम् नेपाली दाजुभाई, दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि, दीर्घायु तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

देवीप्रसाद सिटौला
प्रोपाइटर

झापा सेफ्टी ट्याङ्की तथा दल सरसफाई

दमक-५, झापा ९८४२७६०२६५/९८२४९७९१८५)

❑ वर्ष-२१ ❑ अंक - २६६ ❑ २०८३ असोज ३१ गते शनिबार ❑ Saturday, 17 Oct. 2026 ❑ मूल्य ७ /-

पूर्वराजाको शुभकामना

दमक/ पूर्वराजा ज्ञानेन्द्र शाहले विजया दशमी २०८३ को अवसरमा स्वदेश तथा विदेशमा रहेका सम्पूर्ण नेपालीप्रति शुभकामना व्यक्त गर्दै मुलुकमा राष्ट्रिय एकता, आत्मनिर्भरता र स्थिरता कायम गर्न आह्वान गरेका छन् ।

दशैंको शुभकामना सन्देशमार्फत उनले प्राकृतिक विपत्ति, राजनीतिक अस्थिरता तथा आर्थिक र सामाजिक क्षेत्रको खस्कँदो अवस्थाप्रति चिन्ता व्यक्त गरेका छन् । देशले सामना गरिरहेका चुनौतीबाट पार पाउन सबै पक्ष जिम्मेवार र एकताबद्ध भएर अघि बढ्नुपर्ने उनको धारणा छ ।

भोटेकोशी र बूढीगण्डकी क्षेत्रमा आएको विनाशकारी बाढी तथा निरन्तरको वर्षाले ठूलो जनधनको क्षति पुऱ्याएको उल्लेख गर्दै पूर्वराजा शाहले विपत्तिबाट सिर्जित पीडालाई शक्तिमा रूपान्तरण गरी पुनःनिर्माण र पुनःस्थापनामा जुट्नुपर्ने बताएका छन् । क्षतिग्रस्त संरचनाको शीघ्र पुनर्निर्माण तथा प्रभावित नागरिकको तत्काल पुनःस्थापनालाई प्राथमिकता दिनुपर्नेमा पनि उनले जोड दिएका छन् ।

उनले विपद् व्यवस्थापनका क्रममा विदेशी सहयोग लिनुपरे पनि राष्ट्रिय स्वाभिमान, मौलिकता र स्थानीय परम्पराको संरक्षणमा विशेष ध्यान दिनुपर्ने बताएका छन् । बाह्य सहयोगसम्बन्धी निर्णय गर्दा कूटनीतिक सतर्कता अपनाउनुपर्ने उनको सन्देश छ ।

आज दसैंघरमा फूलपाती भित्र्याइँदै

दमक । नेपालीहरूको महान् पर्व बडादसैंअन्तर्गत आज देशभरका दसैंघरमा फूलपाती भित्र्याइँदैछ । झापाको दमकसहित पूर्वी तराईका विभिन्न बस्तीमा धार्मिक आस्था, पूजाआजा र पारिवारिक भेटघाटसँगै दसैंको रौनक बढ्दै गएको छ । यद्यपि, पश्चिम नेपालमा आएको बाढीपहिरो तथा देशका विभिन्न स्थानमा भएका दुर्घटनाले यस वर्षको दसैंमा विगतको जस्तो उत्साह देखिएको छैन । विपद्का कारण धेरै परिवार घरबारविहीन हुनुका साथै जनधनको क्षतिले चाडपर्वको खुसीमा समेत पीडा थपिएको छ ।

फूलपातीका दिन घरघरमा शुभ वनस्पति तथा पूजासामग्री भित्र्याएर दसैंघरमा स्थापना गर्ने र दुर्गा भवानीको आराधना गर्ने परम्परा छ । शास्त्रीय मान्यताअनुसार बडादसैंलाई असत्यमाथि सत्य र आसुरी शक्तिमाथि दैवी शक्तिको विजयका रूपमा लिइन्छ । महाअष्टमी र महानवमीमा विशेष पूजाआजा गरिन्छ भने विजयादशमीका दिन टीका र जमरा ग्रहण गरी मान्यजनबाट आशीर्वाद लिने चलन छ ।

दमकमा पनि परिवारअनुसार फूलपाती भित्र्याउने, घर तथा पूजास्थल सफा गर्ने र पूजापाठ गर्ने परम्परा कायम छ । दसैंको अवसरमा ब्राह्मण, क्षेत्री, मगर, गुरूङ, राई, लिम्बू, राजवंशी, धिमाल, सन्थाललगायत विभिन्न समुदायले आ-आ ́नो धार्मिक आस्था र सांस्कृतिक परम्पराअनुसार पर्व मनाउने गर्छन् । टीका-जमरा, पारिवारिक पुनर्मिलन, आफन्त भेटघाट र शुभकामना आदानप्रदानले पर्वको सामाजिक महत्त्व बढाउने गरेको छ ।

दसैंले धार्मिक आस्थासँगै सामाजिक सद्भाव, पारिवारिक एकता र सांस्कृतिक निरन्तरतालाई बलियो बनाउँछ । विपद् र दुःखमा परेका परिवारलाई सहयोग गर्दै आर्थिक अवस्था कमजोर भएका नागरिकलाई समेत पर्वको खुसीमा सहभागी गराउनु अहिलेको आवश्यकता बनेको छ ।

दमक नगरपालिकाद्वारा विपन्न परिवारलाई खाद्यान्न वितरण

पूर्वसन्देश समाचार

दमक । नेपालीहरूको महान् पर्व बडादसैंलाई लक्षित गर्दै दमक नगरपालिकाले आर्थिक रूपमा विपन्न, असहाय तथा न्यून आय भएका परिवारलाई राहतस्वरूप खाद्यान्न (चामल) वितरण गरेको छ । चाडपर्वका बेला आर्थिक अभावका कारण खाद्यान्नको जोहो गर्न कठिनाइ भोगिरहेका नागरिकलाई सहयोग पुऱ्याउने र सबैले हर्षोल्लासका साथ दसैं मनाउन सकून् भन्ने उद्देश्यले नगरपालिकाले विभिन्न वडामा चामल वितरण गरेको जनाएको छ ।

दमक नगरपालिकाले दसैंजस्तो धार्मिक, सांस्कृतिक तथा सामाजिक महत्व बोकेको पर्वमा कुनै पनि परिवार खाद्यान्नको अभावमा पर्न नपरोस् भन्ने मानवीय उद्देश्यका साथ राहत वितरण कार्यक्रम सञ्चालन गरेको जनाएको छ । चाडपर्वका बेला खाद्यान्नलगायत दैनिक उपभोग्य वस्तुको खर्च बढ्ने हुँदा आर्थिक अवस्था कमजोर भएका परिवारलाई केही राहत मिल्ने अपेक्षासहित नगरपालिकाले उक्त कार्यक्रम अघि बढाएको हो ।

नगरपालिकाको सामाजिक विकास शाखा प्रमुख केशव प्रसाईंका अनुसार वडा नं. १, ५, ६, ७ र ८ का लागि २५ केजीका ५५ बोरा चामल वितरण गरिएको छ । त्यसैगरी वडा नं. २, ३, ४, ९ र १० का लागि २५ केजीका ७५ बोरा चामल वितरण गरिएको उउनले जानकारी गराए । यसअनुसार नगरपालिकाले दसैं लक्षित राहत कार्यक्रमअन्तर्गत जम्मा १३० बोरा अर्थात् ३ हजार २५० केजी चामल वितरण गरेको छ ।

राहत वितरणले चाडपर्वका बेला आर्थिक कठिनाइमा रहेका परिवारलाई खाद्यान्नको व्यवस्थापन गर्न सहयोग पुग्ने नगरपालिकाको अपेक्षा रहेको नगरप्रमुख रामुकमार थापाले बताए । दसैं सबै नेपालीले आ-आफ्नो परम्परा, संस्कृति र पारिवारिक रीतिरिवाजअनुसार मनाउने साझा पर्व भएकाले आर्थिक अवस्था कमजोर भएका नागरिकलाई समेत पर्वको खुसीमा सहभागी गराउनु स्थानीय सरकारको सामाजिक दायित्व भएको उनको भनाई छ ।

थापाले दसैं सबै नेपालीको साझा र महत्वपूर्ण पर्व भएकाले आर्थिक अभावका कारण कसैले पनि चाडपर्व मनाउनबाट वञ्चित हुन नपरोस् भन्ने उद्देश्यले राहत वितरण गरिएको बताए । नगरप्रमुख थापाले बाँकी ४ पेजमा ▸▸

बडा दशैंको शुभकामना
HAPPY DASHAIN

विजयादशमी, शुभदीपावली तथा छठ पर्व २०८३ को पावन अवसरमा सम्पूर्ण विद्यार्थी, अभिभावक, प्राध्यापक, कर्मचारी, शिक्षाप्रेमी महानुभाव तथा समस्त नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धि, दीर्घायु एव उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना ।

टिकाराज सापकोटा (अध्यक्ष)
मोहन कुमार बगाले (प्रधानाध्यापक)

मंगलमय मा.वि. परिवार
कमल-५, (झापा)

शुभकामना

बडादशैं, शुभदीपावली, छठ, उधौली, उभौलीलगायत पर्वको पावन अवसरमा समस्त सेवाग्राही, स्वास्थ्यकर्मी, कर्मचारीलगायत देश विदेशमा रहनु भएका नेपाली दाजुभाई तथा दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य एवम् प्रगति र उन्नतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

दमक थुलुङ डेन्टल, परिवार
दमक-६, बेलडागी रोड, झापा

नोट : आउँदै गरेका चाडपर्वलाई लक्षित गरी यस डेन्टलले ओपिटी टिकट निःशुल्क गरेको छ । डेन्टलका नियम तथा सर्तमा रहि डेन्टलका सेवाहरूमा ५० प्रतिशतसम्म छुटको व्यवस्था गरिएको छ । विशेषज्ञ सेवा सहज र सरल तरिकाले लिन सम्पर्क गर्नुहोस् ।

बडा दशैंको शुभकामना
HAPPY DASHAIN

विजयादशमी, शुभदीपावली तथा छठ पर्व २०८३ को पावन अवसरमा सम्पूर्ण शिक्षक, विद्यार्थी, अभिभावक, कर्मचारी तथा शिक्षाप्रेमी महानुभावहरुमा सुख, शान्ति, समृद्धि, दीर्घायु एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

ममता पोखरेल (अध्यक्ष)
द्रोण बहादुर श्रेष्ठ (प्रधानाध्यापक)

हिमालय माध्यमिक विद्यालय, परिवार
दमक-२, झापा

दशैंको हार्दिक शुभकामना

विजयादशमी, शुभदीपावली तथा छठ पर्व २०८३ को पावन अवसरमा सम्पूर्ण शेयर सदस्य, कर्मचारी, सहकारीकर्मी तथा नेपाली दाजुभाइ, दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धि, दीर्घायु एवं उत्तरोत्तर प्रगतिका हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

टिकाराज सापकोटा
अध्यक्ष

अरुण भण्डारी
कार्यालय प्रमुख

सूर्यदर्शन बचत तथा ऋण सहकारी संस्था लि.
दमक-६, झापा

सम्पादकीय

चाडपर्वको समयमा अवान्छित गतिविधि नहोस्

चाडपर्वको समयमा हुनसक्ने अवान्छित गतिविधिबाट सचेत रहनु पर्ने हुन्छ । चाडको समयमा जुवातास, कालोबजारी नियन्त्रण, खुल्ला सिमा नाकाको कारण हुने चोरी तस्करी, लागू औषधको प्रयोग तथा ओसार-पसार, अतिसवाजी तथा पटका जन्य पदार्थहरूको ओसार पसारलाई नियन्त्रण गर्न आवश्यक छ । चाडपर्वको समयमा सवारी साधनद्वारा मानिसहरूको आवत-जावत बढी हुने हुँदा यात्रुहरूको सहजताको लागी यात्रु सहायता कक्षको स्थापना गरी सवारी दुर्घटना हुन नपाउने गरी ट्राफिक व्यवस्थापन मिलाउन समेत आवश्यक छ ।

चाडपर्व जति नजिकिँदै जान्छ त्यति समय संवेदनशील र जिम्मेवारी बढ्दै जान्छ । पर्वहरूकै मौका छोपेर कमाएर खाने भन्दा चोरी, डकैति र लुटतन्त्र मच्चाएर खानेहरूको बजारमा बिगबिगी बढ्दै जान्छ । जताततै आपराधिक घटनाहरू समेत भइरहेको बेलामा दशैंको सुरक्षा व्यवस्थामा चुनौतिपूर्ण नै देखिन्छ । हत्या, हिंसाजस्ता आपराधिक घटनाहरूको शृंखला बढीरहेका छन् । सुरक्षाकर्मी परिचालन भएका छन् तर, ठूलो संख्यामा खटिएका सुरक्षाकर्मीका बाबजुद् उनीहरूले ठूलो भुभागको शान्ति सुरक्षा हेर्नुपर्ने र सोही अनुसार तयारी गर्नुपर्ने आवश्यकता पनि देखिएको छ । चिनजान नभएका नौला व्यक्ति घरवरिपरी देखिए चासो राख्नु पर्छ । प्रहरीले पनि योजना ल्याएर मात्रै पुग्दैन प्रभावकारी कार्यान्वयनलाई महत्वका साथ अगाडि बढाउनु नै महत्वपूर्ण मानिनेछ ।

विगतमा दशैंमा चोरी, आर्थिक कारोवार हुने स्थानमा डकैती तथा ठगीको घटना हुन सक्ने आँकलनमा सुरक्षा योजना नै लागू हुने गरेको थियो । महँगा गहना नलगाउने, अस्लिल भएर नहिंड्ने, धेरै रातीसम्म नहिंड्ने जस्ता कार्य गरेर प्रहरीलाई सहयोगी भूमिका निर्वाह नागरिकले गर्न आवश्यक देखिन्छ । चाडवाड र अप्ठेरो परिस्थितिमा मौका बनाएर अपराध गर्नेदेखि व्यक्ति स्वयम् पनि सचेत हुन जरूरी छ ।

प्रहरीले चोरीमा जेल संजाय भोगेर निस्किएकाहरूको सूची बनाएको छ भने मन्दिरहरूमा हुन सक्ने चोरी, लुटपाट रोक्न सादापोशाकमा निगरानी बढाउने पनि बताएको छ । गत वर्ष भन्दा यस वर्ष जटिलता थपिनसक्ने अनुमानमा जनशक्तिसमेत थप गरिएको छ । ठगी, जुवा र तासको बहानामा हुने झगडा तथा सुनका गहना लुटपाट हुन सक्नेतर्फ प्रहरीलाई सचेत र सतर्क बनाउन पर्ने देखिन्छ । प्रहरीको सक्रियतासँगै आम मानिस पनि सचेत र सतर्क हुन त्यतिकै जरूरी देखिन्छ ।

सरकारको चौथो त्रैमासिक प्रगति

दमक/ राष्ट्रिय तथ्यांक कार्यालयले चालु आर्थिक वर्ष २०८२/८३ को चौथो त्रैमासिकको राष्ट्रिय लेखा अनुमान सार्वजनिक गर्दै आधारभूत मूल्यमा देशको कुल गार्हस्थ्य उत्पादन (जीडीपी) वृद्धिदर अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा ४ प्रतिशत रहने प्रारम्भिक अनुमान प्रस्तुत गरेको छ ।

कार्यालयले अन्तर्राष्ट्रिय मुद्रा कोषको अरिमा विधिको प्रयोग गरी तयार पारेको मौसमी प्रभाव समायोजित तथ्याङ्क अनुसार भने तेस्रो त्रैमासिक (माघ, फागुन र चैत) को तुलनामा चौथो त्रैमासिकमा जीडीपी १.५४ प्रतिशतले बढेको देखाएको हो । जुन वर्तमान सरकारको पहिलो त्रैमासिक अवधि हो ।

आर्थिक वर्ष २०६७/६८ लाई आधार वर्ष मानेर स्थिर मूल्यमा मापन गरिएका यी अनुमानहरूले अर्थतन्त्रका अधिकांश क्षेत्रहरू सकारात्मक दिशातर्फ उन्मुख रहेको सङ्केत गरेका छन् ।

विद्युत उत्पादन, प्रसारण तथा वितरण, बैंक तथा वित्तीय संस्थाको निक्षेप संकलन एवम् ऋण प्रवाह, निर्जीवन बीमा प्रिमियम सङ्कलन र आवास तथा भोजन सेवाजस्ता क्षेत्रमा भएको विस्तारले समग्र आर्थिक वृद्धिमा मुख्य योगदान पुऱ्याएको छ । यद्यपि, सरकारी खर्चमा आएको कमी तथा आन्तरिक औद्योगिक र कृषि उत्पादनमा भएको सामान्य वृद्धिका कारण यस त्रैमासिकको समग्र आर्थिक वृद्धिदर सामान्य अवस्थामा नै सीमित रहेको देखिन्छ ।

समीक्षा अवधिमा अध्ययन गरिएका कुल १८ वटा औद्योगिक वर्गीकरणमध्ये १७ वटा क्षेत्रमा धनात्मक (सकारात्मक) वृद्धि रेकर्ड भएको छ भने सार्वजनिक प्रशासन तथा रक्षा क्षेत्रमा मात्र ऋणात्मक परिवर्तन देखिएको छ ।

उर्लाबारी नगरपालिकाको सँधियाँरको नाममा ७ दिने सूचना

उर्लाबारी नगरपालिका वडा नं.३बस्ने साबित्रा लकान्द्रीको नाममा दर्ता कायम रहेको साबिक मधुमल्ला-९/ग मा भएको कि.नं. ४८१८ को ज.वि. ०-०-८-० मा नयाँ घर निर्माणका लागि यस नगरपालिकामा निवेदन दर्ता भएको र सो निवेदन अनुसार सँधियारको नाममा १५ दिने सुचना जारि गरि १६ दिनपछि यस कार्यालयबाट सर्जमिन मुचुल्का तयार पार्दा पुर्व तर्फ सँधियार कल्पना विश्वकर्मा र विक्रम बोहोरा उपस्थित नहुनु भएको हुदा उक्त स्थानमा घर निर्माण गर्दा कुनै विरोध भएमा यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्रमा यस कार्यालयमा उपस्थित हुन यो सूचनामार्फत जानकारी गराइन्छ। अन्यथा निजको नाममा नियमअनुसार सिफारिस भइ जाने व्यहोरा जानकारी गराइन्छ ।

पुस्तान्तरणको बहसमा रूमल्लिएको कम्युनिस्ट पार्टी

✍ रञ्जित तामाङ

निर्वाचनको परिणामपछि विकसित घटनाक्रमले पार्टीलाई नयाँपन सहित पुनर्निर्माण गर्नु पर्ने परिस्थिति देखा पऱ्यो, तर न केन्द्रीय समितिको बैठक, न कुनै नयाँपन, संयोजन समितिले ०८३ मंसिरमा महाधिवेशन घोषणा गऱ्यो ।

नेपाली कम्युनिस्ट पार्टीको महाधिवेशन अनिश्चितकालका लागि स्थगित भएको छ । विगत एक वर्ष अवधिको कुरा गर्ने हो भने दोस्रो पटक तय गरिएको महाधिवेशनको मिति पनि अनिश्चित बनेको हो । यसअघि नवपुस्ताहरूको विद्रोह लगत्तै २०८२ असोजको ९/१० गते काठमाडौंको कमलादीस्थित प्रज्ञा भवनमा भएको पछिल्लो केन्द्रीय समितिको बैठकमा नवीनतम राजनीतिक परिवर्तनको प्रभाव प्रत्यक्ष देखिएको थियो । त्यही स्प्रिटमा पार्टीको नेतृत्वले पुस्तान्तरणको बहसमा आगामी महाधिवेशनबाट विधिसम्मत ढंगले नेतृत्व विकास, हस्तान्तरण र पार्टीमा नयाँ क्रमभङ्ग गर्ने निष्कर्ष सुनाउनु भएको थियो ।

यस घोषणाले पार्टीभित्र जरुर तरङ्ग पैदा गरेको थियो । किनभने युगान्तकारी परिवर्तनको नेतृत्व गरेको टिम, क्रान्तिको नेतृत्व गरेको प्रमुख नेताको यो उद्घोष सामान्य लागेता पनि कम्युनिस्ट पार्टीहरूको नेतृत्व हस्तान्तरणको इतिहास हेर्दा भनेजस्तो सहज देखिँदैन । अतः यो सुनिँदा जति सरल सुनिन्छ, तर यो सुनेको भन्दा जटिल विषय हो । अहिले त्यो प्रमाणित पनि भइरहेको छ ।

महाधिवेशन अपरिहार्य

सामान्यतया महाधिवेशन नीति, विधि र नेतृत्वको समीक्षा, विकास र रुपान्तरणको कोशेढुंगा बन्दै आएको छ । अहिले भनिएको विशेष महाधिवेशन पनि मूलतः यही विषयमा केन्द्रित छ । खासगरी पार्टीमा उठेको पुस्तान्तरण, विधि सङ्गत पार्टी र समाजवादका लागि नीति र कार्यक्रममा परिमार्जन सहितको कुल प्याकेजलाई हामीले पार्टीको रुपान्तरण वा नयाँपन भनिएको हो । यसो भन्नुका केही ऐतिहासिक शृङ्खला छन् । जस्तोकि हामीले आठौं महाधिवेशन (२०७८ पुस ११-१८) गर्दाका कैयन् प्रश्नको उत्तर छिटै गरिने विशेष महाधिवेशनमा दिइनेछ, अहिले पेचिलो राजनीतिक परिवेशले सबै तयारी पूरा हुन सकेन भनेर प्रश्नका पोकाहरूलाई थाँती राखिएको थियो ।

विशेष महाधिवेशनको अर्को पक्ष भनेको गत वर्ष भदौको नवपुस्ताको विद्रोहले पैदा गरेको राजनीतिक उलटफेर, चुनावी परिणाम, दर्जनौं एकता, भद्रगोल संरचना र नेतृत्वका उद्घोषको कार्यान्वयनका लागि पनि अपरिहार्य बनेको छ ।

तेस्रो कुरा, पार्टीभित्र विधिको बहस छ, नेता-कार्यकर्ताका निरासाहरू छन्, सहिद, बेपत्ता, घाइते, अपाङ्गता, पूर्वपीएलए, समर्थक-शुभेच्छुकहरूमा राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक रुपान्तरण सहित नयाँ योजना निर्माण गर्नु छ, जहाँ समाजवाद सम्भव होस्, जनताको अवस्था बदल्ने नीतिसँगै आशा होस् । सामूहिक सहकार्य होस्, समावेसी सहभागिता सदा सम्मानित होस् । सारतः हरेक पार्टीमा भविष्य देख्ने र जनतालाई भविष्य देखाउने ऊर्जा भरिएको होस् । जसका लागि हरेक नेता-कार्यकर्ता उत्पादनमा, श्रममा जोडिएको होस् । अहिले पार्टीलाई आशा, ऊर्जा र सपना चाहिएको छ । त्यो विशेष महाधिवेशनको मूख्य कार्यभार हो । यसर्थ यथाशीघ्र विशेष महाधिवेशन गरौं ।

पुस्ता हस्तान्तरणको बहस

केही समयदेखि नेपाली राजनीतिमा पुस्तान्तरणको बहस व्यापक बनेको छ, जसले प्रायः सबै राजनीतिक दलमा यो बहस आक्रमक रूपले सुनिन थालेको छ । हाम्रो पार्टीमा समेत आठौं महाधिवेशन यता निरन्तर यो आवाज उठिरहेकै थियो । पुस्ता हस्तान्तरणको विषय सामान्य त होइन नै, त्यसमा पनि विश्व कम्युनिस्ट आन्दोलनमा पुस्ता हस्तान्तरणको इतिहास सुखद् र स्वाभाविक पनि छैन । यस अर्थमा विश्व कम्युनिस्ट आन्दोलनमा हाम्रो पार्टीले केही मानक स्थापित गर्नु पर्ने दबाब छँदैछ ।

त्योसँगै ऐतिहासिक जनयुद्ध र युगान्तकारी परिवर्तनको नेतृत्व गरेको प्रमुख नेतालाई कसरी सम्मानित र वैचारिक प्राधिकारमा स्थापित गर्ने भन्ने हाम्रो पार्टीको मूल ध्याउन्न छ । पार्टीभित्र पुस्तान्तरणको मानक र संस्कार निर्माणको आवश्यकतालाई ध्यान राखेर स्वस्थ वैचारिक अन्वेषण आवश्यक हुँदाहुँदै गत वर्ष नवपुस्ताको विद्रोह भयो ।

बदलिँदो राजनीतिक परिस्थितिपछि गत असोजमा बसेको बैठकमा प्रमुख नेतृत्वले आफू लामो समय पार्टी नेतृत्वको रूपमा रहेकामा अब उप्रान्त अध्यक्ष नरहने र महाधिवेशनसम्म संयोजक रहने गरी केन्द्रीय समिति समेत विघटन गरी महाधिवेशन आयोजक समिति गठन गर्नुभयो । र, विशेष महाधिवेशनबाट पुस्ता हस्तान्तरण गरेर आफू फरक भूमिकामा रहने घोषणा गर्नुभयो । सँगै उहाँले नवपुस्ताको विद्रोह पश्चात असोज ३ गते संविधान दिवसको दिन पार्टी मुख्यालय पेरिसडाँडामा पनि उद्घोष गर्नु भएको थियो । व्यक्तिगत र सार्वजनिक रूपमा पनि उहाँ (प्रचण्ड)ले त्यो कुरा भन्दै आउनु भएको छ ।

तर पार्टीभित्र/बाहिर म लगायत पुस्ता हस्तान्तरणबारे बहस गर्नेहरूलाई तेजोबध गर्न खोजियो । पार्टीभित्रको स्वस्थ बहस र नेतृत्व बारेको सद्भाव हुँदाहुँदै नेतृत्व विरोधी देखाउन खोजियो, जुन नेतृत्वको चाकडी र राजनीतिक बेइमानी मान्छु म । यस विषयमा मैले कमरेड प्रचण्डलाई भेटेरै पुस्तान्तरणको बहस हामीले नभई तपाईंले बैठकमा औपचारिक रूपमा राखेको बताएको छु । र, हाम्रो बहस केवल प्रचण्ड पुस्ताको स्पष्टता र उहाँले भन्नुभएको पुस्तान्तरण कुन र कसरी हुन्छ भन्ने कुरा रहेको सपाट बताएको स्पष्ट गर्न चाहन्छु ।

स्मरण होस्, महाधिवेशनको मिति टुंगो लगाउने त्यस बैठकमा जनार्दन शर्मा 'प्रभाकर'ले पार्टीको महाधिवेशन अगावै प्रचण्डले नेतृत्व हस्तान्तरण गर्नुपर्ने कुरा उठाउनु भएको थियो, तर बैठकले प्रचण्डलाई स-सम्मान फरक भूमिकामा रहनु पर्ने मतसहित उहाँकै नेतृत्वमा महाधिवेशन गर्ने निर्णय गरेको थियो ।

प्रचण्डले नै पहिलो पटक २०८२ मंसिर अन्तिम साता महाधिवेशन गर्ने निर्णय सुनाउनु भएको थियो, तर ०८२ मंसिरमा महाधिवेशन हुन सकेन । किनकि २६ दलसँग एकता, राजनीतिक अनिश्चितता बिच फागुन २१ को चुनाव आदि कारणले महाधिवेशन अनिश्चित बन्यो ।

निर्वाचनको परिणामपछि विकसित घटनाक्रमले पार्टीलाई नयाँपन सहित पुनर्निर्माण गर्नु पर्ने परिस्थिति देखा पऱ्यो, तर न केन्द्रीय समितिको बैठक, न कुनै नयाँपन, संयोजन समितिले ०८३ मंसिरमा महाधिवेशन घोषणा गऱ्यो, तर समयक्रम बित्दै जाँदा जुन स्प्रिटमा महाधिवेशनबाट पुस्तान्तरण सहित पार्टी रुपान्तरण गर्ने मुडमा नेतृत्व थियो, त्यसबाट क्रमिक 'रिभर्स' स्टेपमा फर्किएको हो कि भन्ने मेरो बुझाइ छ ।

निष्कर्ष:

विशेष महाधिवेशनको सन्देश पार्टीभित्र नवपुस्तालाई अवसर र प्राथमिकता हुनेछ । विधिसङ्गत पार्टी हुनेछ । हरेक ५/५ वर्षमा महाधिवेशन हुनेछ । कुनै पनि कमिटीको अधिवेशन वा महाधिवेशन बहानाबाजी गरेर सार्न पाइने छैन । पार्टी प्रमुखको कार्यकाल २ पटक रहने व्यवस्था हुनुपर्नेछ ।

पार्टीको प्रमुख महासचिव हुने प्रावधान राखेर 'अध्यक्ष' पदलाई युगान्तकारी नेतृत्वसँगै रिटायर्ड गरिनु उपयुक्त हुनेछ, जसले सिनियरको सम्मान, योगदानको कदर हुनेछ । बाँकी पार्टी पद वा राजकीय भूमिकामामा विधि बनाउने ।

सानो केन्द्रीय समिति, ३ तहको संरचना (केन्द्र, पोलिटब्युरो र स्थायी, नेतृत्व महासचिव), संघीयता बलियो बनाउन महाधिवेशनबाट निर्वाचित केन्द्रीय समितिको दोब्बर केन्द्रीय परिषद, ३ तहको संरचनालाई प्राधिकार सम्पन्न बनाउने । सबै तहमा ६६ प्रतिशत प्रतिनिधिबाट प्रत्यक्ष निर्वाचित विधिबाट चुनिने । ३३ प्रतिशत निर्वाचित कमिटीले मनोनयन गरिनु पर्नेछ ।

जबस/मोर्चाहरू व्यावसायिक हक र हितका लागि वैचारिक आबद्धता मात्र रहनेगरी स्वायत्त निकायका रूपमा गतिशील बनाउनु पर्नेछ । हरेक व्यक्ति र कमिटी अनिवार्य उत्पादनमा, श्रमसँग जोडिनु पर्नेछ । उत्पादनमा आबद्ध र व्यवसायमा आबद्ध हुन प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनु पर्नेछ ।

अवस्था बदल्ने अभियान पार्टीभित्रबाट सुरु गरेर भ्रष्टाचारविरुद्ध सुशासनको पक्षमा दृढतापूर्वक उभिनु पर्नेछ । सामाजिक न्याय, विधिको शासनको पक्षमा उभिनु पर्दछ । समाजवाद मान्ने शक्तिहरूसँगको कार्यगत एकता जरुरी भए पनि ओली नेतृत्वमा रहँदासम्म एमालेसँगको एकता हाम्रा लागि अपेक्षाकृत परिणाममुखी नहुने कुरा हेक्का राखिनुपर्छ ।

विद्यार्थीलाई अनुशासन तालिम

भोजपुर / विद्यालयस्तरमा तीनमहिने तालिमअन्तर्गत भोजपुरको अरुण गाउँपालिकास्थित कटका माध्यमिक विद्यालयले उत्कृष्ट प्रदर्शन गरेको छ । राष्ट्रिय सेवा दल पूर्वी तालिम शिक्षालय, मोरङमा असोज ८ देखि २८ गतेसम्म सञ्चालन भएको ५२औं जुनियर डिभिजन पहिलो चरणको वार्षिक सामूहिक क्याम्प (शिविर)मा कटका माध्यमिक विद्यालय प्रथम भएको छ । भलिबललगायत विभिन्न विद्यामा उत्कृष्ट नतिजा हासिल गर्दै विद्यालयले प्रथम स्थान प्राप्त गरेको हो । यस वर्षको विद्यालयस्तरीय तालिम असार १ गतेदेखि असोज १ गतेसम्म सञ्चालन गरिएको थियो ।

विद्यालयस्तरमा तालिम सम्पन्न भएपछि आयोजित वार्षिक सामूहिक क्याम्पमा विभिन्न जिल्लाका १८ विद्यालयका ५३५ विद्यार्थी सहभागी भएका थिए । क्याम्पमा विद्यार्थीले विभिन्न प्रतियोगिता तथा अभ्यासमा सहभागी हुँदै आफ्नो शारीरिक क्षमता, अनुशासन, सहकार्य र नेतृत्व कौशल प्रदर्शन गरेका छन् ।

कार्यक्रम समापनका अवसरमा भोजपुरमा तालिम सञ्चालन तथा व्यवस्थापनमा योगदान पुऱ्याएको भन्दै श्री नयाँ श्रीनाथ गणका गणपति प्रमुख सेनानी मनोज ढुङ्गेललाई प्रशंसापत्र हस्तान्तरण गरिएको छ । राष्ट्रिय सेवा दलको तालिमले विद्यार्थीमा अनुशासन, आत्मविश्वास, नेतृत्व क्षमता र राष्ट्रप्रतिको जिम्मेवारी बोध विकास गर्न सहयोग पुगेको विद्यालयले जनाएको छ । विद्यालय तहदेखि नै विद्यार्थीलाई तालिममा सहभागी गराउँदा उनीहरूको व्यक्तित्व विकाससँगै सामाजिक उत्तरदायित्व र राष्ट्रसेवाप्रतिको भावना अभिवृद्धि गर्न मद्दत पुग्ने विद्यालयको भनाइ छ ।

सेनाले सञ्चालन गर्दै आएको राष्ट्रिय सेवा दल तालिम प्रभावकारी बन्दै गएको छ । विद्यार्थीमा अनुशासन, नेतृत्व क्षमता र राष्ट्रसेवाको भावना विकास गर्ने उक्त तालिम प्रभावकारी बन्दै गएको हो ।

तालिमले विपद्का समयमा उद्धार तथा मानवीय सेवामा योगदान गर्नसक्ने जनशक्ति तयार पार्न र युवालाई राष्ट्रनिर्माण तथा राष्ट्रिय सुरक्षा प्रवर्द्धनमा जिम्मेवार भूमिका निर्वाह गर्न तालिमले अभिप्रेरित गर्ने सेनाले जनाएको छ ।

वडा दशैंको शुभकामना

विजयादशमी, शुभदीपावली तथा छैठ पर्व २०८३ को पावन अवसरमा सम्पूर्ण शेयर सदस्य, सहकारीकर्मी तथा देशविदेशमा रहनु हुने नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि, दीर्घायु एवम् उत्तरोत्तर प्रगतिको **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं ।

अध्यक्षः **गुरुभक्त ढुंगाना** | ब्यवस्थापकः **लोचन ढुंगान**

शुभारम्भ बचत तथा ऋण सहकारी संस्था लि. परिवार
दमक-६ (झापा)

वडा दशैंको शुभकामना

विजयादशमी, शुभदीपावली तथा छैठ पर्व २०८३ को पावन अवसरमा सम्पूर्ण यात्रु, सेवाग्राही, शुभेच्छुक तथा समस्त नेपाली दाजुभाई, दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि, दीर्घायु, सुस्वास्थ्य एवम् उत्तरोत्तर प्रगतिको **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछु ।

सञ्चालकः **दिननाथ कटुवाल**

हलेसी दर्शन यातायात
गौरादह (झापा)

नोट : हरेक बिहान ७ बजे दमकबाट गौरादह ।
रिजर्भका लागि सम्पर्क नम्बर : ९८१४९७३१७८

चाडपर्वसँगै बजारमा बढेको महँगी र कृतिम अभाव



✍ विमल लामिछाने

दमक/ नेपालीहरूका महान् चाडपर्वहरू नजिकिँदै गर्दा बजारमा देखिने अस्वस्थकर प्रवृत्ति र विसंगतिले प्रत्येक वर्ष आम उपभोक्तालाई गम्भीर रूपमा चिन्तित बनाउने गरेको छ । समाजमा चाडपर्व भनेको हर्षोल्लास, पारिवारिक मिलन र खुसी साटासाट गर्ने पवित्र अवसर हो । तर, विडम्बना, प्रत्येक वर्ष चाडपर्वको मुखै पारेर बजारमा हुने चरम महँगी, कृत्रिम अभाव र कालोबजारीले सर्वसाधारणको भान्सा मात्र महँगो बनाएको छैन, उनीहरूको खुसी र उमंगमा समेत ठूलो ग्रहण लगाउने गरेको छ । बजार अनुगमन र नियमनको दायित्व बोकेका निकायहरूको दीर्घकालीन उदासीनताका कारण चाडपर्वहरू आम नागरिकका लागि पर्वभन्दा पनि आर्थिक संकट, मानसिक तनाव र सास्तीको पर्याय बन्ने गरेका छन् ।

चाडपर्वको समय सुरु हुनेबित्तिकै दैनिक उपभोग्य वस्तुहरू, खाद्यान्न, लत्ताकपडा र विशेषगरी मासुजन्य पदार्थको मूल्यमा हुने वृद्धिको कुनै पनि व्यावहारिक, आर्थिक वा तार्किक आधार भेटिँदैन । माग अत्यधिक हुने समयलाई अवसरको रूपमा लिएर व्यापारीहरूले आपूर्ति श्रृंखलामा चलखेल गर्ने र कृत्रिम अभाव सिर्जना गर्ने प्रवृत्ति पुरानै रोग भइसकेको छ । चामल, दाल, तेल, चिनीलगायतका नित्य प्रयोग हुने खाद्यवस्तुहरूमा हुने अस्वाभाविक मूल्यवृद्धिको मारमा विशेष गरी न्यून तथा मध्यमवर्गीय परिवारहरू नराम्ररी पिसिने गरेका छन् । यसबाहेक, चाडपर्वको बेला मासुको खपत अत्यधिक हुने भएकाले यसको मूल्यमा गरिएको मनपरी त सीमा नै नाघेको हुन्छ । मासु पसलहरूमा न त न्यूनतम स्वच्छताको ख्याल राखिन्छ, न त तोकिएको मूल्यसूचीको नै पालना हुन्छ ।

यस्तो अवस्था सिर्जना हुनुको प्रमुख जरो भनेको सरकारी निकायको कमजोर बजार नियमन र मौलाउँदै गएको दण्डहीनता हो । चाडपर्व लक्षित बजार अनुगमनका नाममा कर्मकाण्डी हिसाबले केही सीमित पसलहरूको निरीक्षण गर्ने र सामान्य जरिवाना गरेर छाड्ने प्रवृत्तिका कारण कालोबजारी गर्नेहरूको मनोबल झनै उच्च भएको छ । व्यापारीहरूले आपसमा मिलेमतो गरी कृत्रिम अभाव सिर्जना गर्दा पनि राज्यले समयमै कडा र निर्णायक हस्तक्षेप गर्न सकेको छैन । यसको प्रत्यक्ष असरको उदाहरण यो पटक खाना पकाउने ग्यास बनेको छ । उपभोक्ता संरक्षण ऐनको प्रभावकारी कार्यान्वयन नहुनु र दोषी व्यापारीहरूलाई कडा कानूनी कारबाहीको दायरामा नल्याइनुले बजार पूर्णतया बिचौलिया र कालोबजारी गर्नेहरूको कब्जामा पुगेको स्पष्ट हुन्छ ।

यस समस्याको दीर्घकालीन र स्थायी समाधानका लागि सरकारले कुनै पनि चाडबाडको प्रतीक्षा गरेर बस्नुको सट्टा वर्षभरि नै नियमित, प्रभावकारी र कडा बजार अनुगमनलाई उच्च प्राथमिकता दिनुपर्छ । सरकारले सुपथ मूल्य पसलहरूको दायरा र संख्यालाई देशव्यापी रूपमा विस्तार गरी सर्वसाधारणलाई राहत दिनु आजको टड्कारो आवश्यकता हो ।

अन्त्यमा, चाडपर्व जस्तो पवित्र र सांस्कृतिक अवसरमा नागरिकको ढाड सेक्ने गरी हुने महँगी र कृत्रिम अभाव कुनै पनि सभ्य समाजमा सह्य हुन सक्दैन । यो केवल आर्थिक शोषण मात्र होइन, नागरिकको संवैधानिक र आधारभूत अधिकारमाथिको गम्भीर प्रहार पनि हो । तसर्थ, सरकारले गम्भीरतापूर्वक बजारमा देखिएको एकाधिकार, सिन्डिकेट र मनपरी अन्त्य गर्न दृढ राजनीतिक इच्छाशक्ति देखाउनै पर्छ ।

पहाडका खसी बोका तराईका बजारसम्म

दमक/ पूर्वी पहाडका खसी बोका दमकदेखि धरानसम्म पुर्‍याएर विक्रि वितरण भइरहेका छन् । दसैँले पूर्वी नेपालका पहाडी जिल्लाहरु भोजपुर, ताप्लेजुङ, पाँचथर, इलाम र धनकुटाका कृषकले गोठका खसीबोका तराईका बजारहरुमा पुर्‍याएर विक्रि वितरण गर्ने गरेका छन् ।

दशैमा खसीबोकाको माग बढेपछि पहाडी जिल्लाका ग्रामीण क्षेत्रमा आर्थिक कारोबार बढाएको छ । दसैँमा मासुजन्य वस्तुको माग बढेसँगै गाउँघरमा उत्पादित खसीबोकाको बिक्री बढेको हो । गाउँमा उत्पादित खसीबोका सहरसम्म पुग्न थालेपछि गाउँको आर्थिक कारोबार बढेको इलाम फाकफोकथुमका बेदप्रसाद भण्डारीले बताए । इलामदेखि र पाँचथर ताप्लेजुङसम्मका कृषकले खसीवोका विर्तामोड र दमक बजारमा विक्रि गरिरहेको उनको भनाइ छ ।

उता धरान कृषि उपज बजारस्थलमा असोज महिनाको अन्त्यसम्म २५ करोड रुपियाँभन्दा बढीको खसीबोकाको कारोबार हुने अनुमान गरिएको बजारका प्रबन्धक लक्ष्मण भट्टराईले बताए । धरानका बजारमा भोजपुर र धनकुटाका खसीबोका विक्रि वितरण गर्ने गरेको पाइएको उनको भनाइ छ । दसैँलक्षित असोज महिनाभर करिब १० हजार खसीबोका बिक्री हुने बताए । भट्टराईका अनुसार सुनसरीका ग्रामीण क्षेत्रका साथै भोजपुर, धनकुटा, तेह्रथुम, संखुवासभा, उदयपुर, ताप्लेजुङ र पाँचथरलगायत पूर्वी पहाडी जिल्लाबाट किसान तथा व्यापारीले खसीबोका बिक्रीका लागि धरान ल्याउने गरेका छन् ।

कारागार आएका महिलाबाट लागुऔषध बरामद

उर्लाबारी / मोरङस्थित कारागारमा भेटघाटका लागि आएका दुई महिलाबाट ४८० थान लागुऔषध बरामद भएको छ । बुधबार विराटनगर महानगरपालिका-८ हाटखोलास्थित कारागार कार्यालयको मुख्य प्रवेशद्वारमा नियमित जाँच गर्ने क्रममा उनीहरूबाट लागुऔषध बरामद भएको हो । जिल्ला सुनसरीको धरान उपमहानगरपालिका-११ बस्ने मेलिना तामाङ र पूर्णिमा तामाङले भित्री वस्त्रमा प्रयोग हुने प्याडभित्र लुकाएर ल्याएको अवस्थामा हरियो रङका २४० थान र सुन्तला रङका २४० थान ट्याब्लेट फेला परेको प्रहरीले जनाएको छ ।

Log on गर्नुहोस्
purbasandesh.com
EPAPER मा पूर्वसन्देश पत्रिका हेर्नुहोस्

वडा दशैंको शुभकामना

विजयादशमी, शुभदीपावली तथा छैठ पर्व २०८३ को पावन अवसरमा सम्पूर्ण शेयर सदस्य, सहकारीकर्मी तथा देशविदेशमा रहनु हुने नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि, दीर्घायु एवम् उत्तरोत्तर प्रगतिको **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं ।

अध्यक्ष: **निर्मल बास्तोला** | व्यवस्थापक: **दधीराम घिमिरे**

नमस्ते बचत तथा ऋण सहकारी संस्था लि. परिवार, गौरादह (झापा)

वडा दशैंको शुभकामना

विजयादशमी, शुभदीपावली तथा छैठ पर्व २०८३ को पावन अवसरमा सम्पूर्ण सम्पूर्ण शिक्षक, विद्यार्थी, कर्मचारी, अभिभावक एवम् शिक्षाप्रेमी महानुभावहरुमा सुख, शान्ति, समृद्धि, दीर्घायु एवम् उत्तरोत्तर प्रगतिको **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं ।

अध्यक्ष: **महेन्द्र दाहाल** | प्रिन्सिपल: **राजन सिक्देल**

पाथीभरा अंग्रेजी स्कूल परिवार
दमक-४ (झापा)

वडा दशैंको शुभकामना

विजयादशमी, शुभदीपावली तथा छैठ पर्व २०८३ को पावन अवसरमा सम्पूर्ण सम्पूर्ण शिक्षक, विद्यार्थी, कर्मचारी, अभिभावक एवम् शिक्षाप्रेमी महानुभावहरुमा सुख, शान्ति, समृद्धि, दीर्घायु एवम् उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

फाउण्डर : **एम.के. बेघा**

शिखरज्योति अंग्रेजी स्कूल परिवार
दमक-९ (झापा)

वडा दशैंको शुभकामना

विजयादशमी, शुभदीपावली तथा छैठ पर्व २०८३ को पावन अवसरमा सम्पूर्ण सम्पूर्ण शिक्षक, विद्यार्थी, कर्मचारी, अभिभावक एवम् शिक्षाप्रेमी महानुभावहरुमा सुख, शान्ति, समृद्धि, दीर्घायु एवम् उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

श्री यन्त्र कलेज परिवार
दमक-८ (झापा)

वडा दशैंको शुभकामना

विजयादशमी, शुभदीपावली तथा छैठ पर्व २०८३ को पावन अवसरमा सम्पूर्ण ग्राहक, शुभेच्छुक तथा समस्त नेपाली दाजुभाई, दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि, दीर्घायु, सुस्वास्थ्य एवम् उत्तरोत्तर प्रगतिको **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं ।

रबी पेट्रोल पम्प परिवार
कमल-५ (झापा)

वडा दशैंको शुभकामना

विजयादशमी, शुभदीपावली तथा छैठ पर्व २०८३ को पावन अवसरमा सम्पूर्ण सम्पूर्ण शिक्षक, विद्यार्थी, कर्मचारी, अभिभावक एवम् शिक्षाप्रेमी महानुभावहरुमा सुख, शान्ति, समृद्धि, दीर्घायु एवम् उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

अध्यक्ष: **धनमाया भट्टराई** | प्रधानाध्यापक: **जयन्ती पौडेल**

बिद्योदय नि.मा.वि. परिवार
दमक-४ (झापा)

वडा दशैंको शुभकामना

विजयादशमी, शुभदीपावली तथा छैठ पर्व २०८३ को पावन अवसरमा सम्पूर्ण सम्पूर्ण शिक्षक, विद्यार्थी, कर्मचारी, अभिभावक एवम् शिक्षाप्रेमी महानुभावहरुमा सुख, शान्ति, समृद्धि, दीर्घायु एवम् उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

प्रिन्सिपल: **जनार्दन मैनाली**

सनराइज बोर्डिङ स्कूल परिवार
दमक-२ (झापा)

वडा दशैंको शुभकामना

विजयादशमी, शुभदीपावली तथा छैठ पर्व २०८३ को पावन अवसरमा सम्पूर्ण सम्पूर्ण शिक्षक, विद्यार्थी, कर्मचारी, अभिभावक एवम् शिक्षाप्रेमी महानुभावहरुमा सुख, शान्ति, समृद्धि, दीर्घायु एवम् उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

प्रो. बाबुराजा श्रेष्ठ

सानुराजा स्टोर्स, गौरीगञ्ज (झापा)

दैनिक राशिफल

आज मिति २०८३ साल असोज ३१ गते शनिबार
17 Oct. 2026
तिथि: सप्तमी (फुलपाती)

ज्यो. लक्ष्मी प्र. ढकाल
ठेगान : क्याम्पस मोड, सगरमाथा आयल निगम, उत्तर
सम्पर्कका लागि: ९८६७३१०८८२/९८१७००५१६५

राशि	अक्षर	फल
मेष	चु चे लो ला लि लँ ले लो अ	मनमा उत्साह। धन लाभ । अध्ययन क्षेत्रमा सुधार ।
वृष	इ उ ए ओ वा वि वु वे वो	मित्रहरुबाट सहयोग । आर्थिक पक्ष सवल ।
मिथुन	का कि कु घ ङ छ के को	गरेका कामहरुमा सफता । पठन-पाठनमा भने मध्यम ।
कर्कट	चु चे लो ला लि लँ ले लो अ	रोजगारीको अवसर । बोलीको प्रभावबाट काम बन्ने ।
सिंह	मा मि मु मे मो टा टि टु टे	आफन्तको सहयोग । धन लाभ ।
कन्या	टो प पी पँ ष ण ठ पे पो	परिवारमा सुख । मानसम्माको योग ।
तुला	हि हु हे हो डा डि डु डे डो	आकस्मिक धनलाभ । आफन्तबाट सहयोग ।
वृश्चिक	तो ना नि नँ ने नो या यि यु	उपहार प्राप्ति । रोजगारीको अवसर ।
धनु	य यो भा भी भ धा फा ढ	कार्य सिद्धि । मान्यजनको सहयोग ।
मकर	भो जा जी खि खू खे खो गा गी	मनमा खिन्नता । स्वास्थ्यमा समस्या ।
कुम्भ	गँ गे गो सा सी सँ से सो द	धार्मिक कार्यमा रुचि । व्यापारबाट लाभ ।
मीन	दि दु थ झ ञ दे दो चा ची	आर्थिक प्रगति । मित्रबाट सहयोग ।

दसैंको अवसरमा दमक बजार सरसफाई

दमक नगरपालिकाको अगुवाईमा दमक ६ बजार क्षेत्रभित्र शुक्रबार सरसफाई गरिएको छ ।

नगरप्रमुख रामुकमार थापाको नेतृत्वमा प्रमुख प्रशासकीय अधिकृत कमल भट्टराईसहित कर्मचारी, वडाअध्यक्षहरू, नगर प्रहरी, जनप्रतिनिधिलगायतको सहभागितामा दमकको वडा नं. ६ स्थित नगर क्षेत्रका बजार, मुख्य सडक तथा सार्वजनिक स्थलहरूमा सरसफाइ अभियान संचालन गरिएको छ । नमूना बजारमा भेला भई सुरू भएको उक्त सरसफाई कार्यक्रमको औपचारिक उद्घाटन नगरप्रमुख थापाले गरेका थिए । सो अभियानलाई सम्बोन गर्दै थापाले सांकेतिक रूपमा सबै टोलबासी नागरिकलाई जागरूक गर्ने उद्देश्यले सरसफाई आयोजना गरिएको बताए ।

यो सरसफाईमा सबैले आ-आफ्नो कर्तव्य सम्झेर आ-आफ्नो टोलका घर अगाडि रहेको नालाको भित्र या बाहिर आगमनलाई अवरोध पुऱ्याएका सबै वस्तुहरू हटाउने गरी सरसफाई गरेको बताए । नगरपालिकाको सो अभियानमा नगरबासीहरू टोलटोलबाट जोगिएर सरसफाई गरिएको छ ।

देवानगञ्ज घटना : गोली प्रहार गर्ने पाँच पत्राउ

दमक/ सुनसरीको देवानगन्ज गाउँपालिका-१, मध्येहर्षाहीमा भएको गोली प्रहार घटनाका पाँच आरोपित पत्राउ परेका छन्रू।

केटी जिस्काएको आरोपमा देवानगन्ज गाउँपालिका-१, मध्यहर्षाहीका २४ वर्षीय नीरजकुमार यादवमाथि भएको गोली प्रहार घटनाका पाँच आरोपितलाई सुनसरी प्रहरीले पत्राउ गरेको होरू।

जिल्लाको देवानगन्ज गाउँपालिका(१, मध्येहर्षाही स्थित बिपी चोकनजिकै रहेको लक्ष्मीनारायण मन्दिरअगाडि असोज ३ गते साँझ भएको यादवमाथिको गोली प्रहार घटनाका पाँच आरोपितलाई विभिन्न ठाउँबाट पत्राउ गरिएको जिल्ला प्रहरी कार्यालय सुनसरीका प्रहरी उपरीक्षक पुष्पराज मल्लले जानकारी दिए ।

मल्लले पत्रकार सम्मेलन गरी गोली प्रहार गरेर आरोपित फरार रहेको र घटनामा संलग्न रही भागेकामध्ये हालसम्म प्रहरीले पाँच आरोपितलाई पत्राउ गरेको बताए ।

उनका अनुसार सुनसरीको देवानगन्ज-२ का १८ वर्षीय विष्णुकुमार यादव, सोही ठाउँका २६ वर्षीय लाली भन्ने जयकृष्ण यादव, २७ वर्षीय कुन्दन यादव, २६ वर्षीय रणधीर यादव र २३ वर्षीय सुशील यादव पत्राउ परेका हुन् ।

उनीहरूलाई नियन्त्रणमा लिई अनुसन्धान गरिरहेको र हालसम्म पत्राउ परेका व्यक्तिलाई नेपाल- भारतको सीमाक्षेत्रमा लुकीछिपी बसेको अवस्थामा पत्राउ गरी अनुसन्धान जारी राखेको जानकारी दिए ।

मधेस सरकारबाट बाहिरियो एमाले

दमक/ नेकपा एमाले मधेस प्रदेश सरकारबाट बाहिरिएको छ । शुक्रबार मधेस प्रदेशमा संलग्न एमालेका मन्त्रीहरूले सामूहिक रूपमा राजीनामा बुझाएका हुन् । उनीहरूले प्रदेश प्रमुख सुरेन्द्रलाभ कर्णलाई राजीनामा बुझाएका हुन् ।

मधेस प्रदेशमा नेपाली कांग्रेस नेकपा एमाले र नेपाली कम्युनिष्ट पार्टीको सरकार थियो । अहिले कांग्रेसबाट मुख्यमन्त्री रहेका मधेसमा अल्पमतमा परेको देखिन्छ । केन्द्रमा कांग्रेस एमाले समीकरण फेरबदल भएपछि मधेशमा पनि फेरिएको हो ।

मधेस प्रदेशमा केन्द्रको निर्णय अनुसार कसले सरकार बनाउने भन्ने विषय टुङ्गिसकेको छैन । तर नेपाली कांग्रेससहित एमाले बाहेक अरू दलहरू मिलेर सरकार बनाउने अवस्था रहेको देखिन्छ । मधेसमा सीके राउत नेतृत्वको जनमत पार्टी र अरू मधेसी दलहरूको पनि प्रदेश सभामा सिट प्राप्त गरेका छन् ।

Log on गर्नुहोस्
purbasandesh.com
EPAPER मा पूर्वसन्देश पत्रिका हेर्नुहोस्

उर्लाबारी नगरपालिकाको सँधियाँरको नाममा ७ दिने

उर्लाबारी नगरपालिका वडा नं. ०४ बस्ने रमेश कुमार राईको नाममा दर्ता कायम रहेको साबिक मधुमल्ला-५/छ मा भएको कि.नं. १९६६ ज.वि. ०-१-० मा नयाँ घर निर्माणका लागि यस नगरपालिकामा निवेदन दर्ता भएको र सो निवेदन अनुसार सँधियार को नाममा १५ दिने सुचना जारि गरि१६ दिनपछि यस कार्यालयबाट सर्जमिन मुचुल्का तयार पार्दा उतरतर्फ सँधियार एकराज तामाङ उपस्थित नहुनु भएको हुदा उहाँलाई उक्त स्थानमा घर निर्माण गर्दा कुनै विरोध भएमा यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्रमा यस कार्यालयमा उपस्थित हुन यो सूचनामार्फत जानकारी गराइन्छ । अन्यथा निजको नाममा नियमअनुसार सिफारिस भइ जाने व्यहोरा जानकारी गराइन्छ ।

अन्तर्राष्ट्रिय

अमेरिकामा विद्यालयमा गोली चल्दा चारको मृत्यु

अमेरिका । अमेरिकाको ओरेगन राज्यस्थित बेन्ड शहरको सिल्भर रेल प्राथमिक विद्यालयमा भएको गोलीकाण्डमा तीन बालबालिका र एक शिक्षिकाको मृत्यु भएको छ। घटनामा सात वर्षीय बालक र अर्की एक शिक्षिका घाइते भएका छन् भने गोली चलाउने १६ वर्षीय किशोरको पनि मृत्यु भएको प्रहरीले जनाएको छ ।

प्रहरीका अनुसार बिहीबार दिउँसो करिब १ बजे लामो बन्दुक बोकेर विद्यालय प्रवेश गरेका किशोरले गोली चलाएका थिए। घटनास्थलमा पुगेका एक स्थानीय व्यक्तिसँग गोली हानाहान हुँदा ती किशोरको मृत्यु भएको बताइएको छ। घटनामा मृत्यु हुने बालबालिकाको उमेर पाँच, आठ र ११ वर्ष रहेको छ।

घाइतेहरूलाई उपचारका लागि अस्पताल लगिएको छ। आक्रमणकारीको विद्यालयसँगको सम्बन्ध, प्रयोग गरिएको बन्दुक र घटनाको कारणबारे प्रहरीले अनुसन्धान गरिरहेको सीएनएनले जनाएको छ ।

दमक...चाडपर्वको वास्तविक खुसी सबै समुदाय र वर्गका नागरिकले अनुभूत गर्न पाउनुमा रहेको उल्लेख गर्दै आर्थिक रूपमा कमजोर परिवारप्रति समाज र स्थानीय सरकारले सहयोगी भावना राख्नुपर्नेमा जोड दिए ।

उनले भने, "दसैं खुसी, सद्भाव, आपसी सहयोग र पारिवारिक मिलनको पर्व हो। आर्थिक अवस्था कमजोर भएका परिवारले पनि सम्मानपूर्वक दसैं मनाउन सकून् भन्ने उद्देश्यले नगरपालिकाले आफ्नो तर्फबाट सहयोग गरेको हो। स्थानीय सरकार नागरिकको सुखदुःखमा साथमा रहनुपर्छ भन्ने मान्यताअनुसार आवश्यकतामा रहेका परिवारलाई राहत उपलब्ध गराइएको हो ।" स्थानीय सरकारको जिम्मेवारी सडक, भौतिक पूर्वाधार र विकास निर्माणमा मात्र सीमित नभई नागरिकको दैनिक जीवन, सामाजिक सुरक्षा र मानवीय आवश्यकतासँग पनि जोडिएको छ। त्यसैले आवश्यकता पहिचान गरी लक्षित वर्गसम्म सहयोग पुऱ्याउने कार्यलाई नगर पालिकाले महत्व दिएको बताए।

दसैंका बेला परिवारका सदस्य भेला हुने, मीठोमसिनो खाने, नयाँ लुगा लगाउने, टीका-जमरा ग्रहण गर्ने र आफन्तसँग खुसी साटासाट गर्ने परम्परा छ। तर आर्थिक रूपमा कमजोर परिवारका लागि यस्ता आधारभूत आवश्यकता पूरा गर्नु चुनौतीपूर्ण बन्न सक्छ। यस्तो अवस्थामा स्थानीय तहबाट उपलब्ध हुने खाद्यान्न सहयोगले दैनिक खर्चको भार कम गर्नुका साथै चाडपर्व मनाउने वातावरण सहज बनाउन मद्दत पुऱ्याउने अपेक्षा गरिएको उल्लेख गरे ।

दमक नगरपालिकाको यस पहलले विपन्न तथा असहाय नागरिकप्रति सामाजिक उत्तर दायित्व निर्वाह गर्ने प्रयासलाई प्रतिबिम्बित गरेको छ। चाडपर्वलाई सबैको साझा खुसी बनाउने उद्देश्यसहित सञ्चालन गरिएका यस्ता राहत कार्यक्रमलाई आगामी दिनमा पनि आवश्यकताका आधारमा निरन्तरता दिन सके आर्थिक तथा सामाजिक रूपमा पछाडि परेका परिवारलाई थप सहयोग पुग्ने देखिन्छ।

खेलकुद

हिमावि अन्तरमावि महिला भलिबल प्रतियोगिता सम्पन्न

हिमावि उपविजेता, उपाधि ग्लोबलको कब्जामा

दमक । दमकस्थित हिमालय माध्यमिक विद्यालय (हिमावि) ले आयोजना गरेको अन्तर माध्यमिक तह स्तरीय छात्रा भलिबल प्रतियोगिता सम्पन्न भएको छ । हिमावीको भलिबल खेल मैदानमा बिहीबारदेखि सुरू भएको सो प्रतियोगिताको उपाधि दमकको ग्लोबल एजुकेशनल एमेडेमीले चुमेको छ ।

शुक्रबार भएका दुई खेल मध्ये पहिलो खेल ग्लोबल केयर सुरूङ र निधी मावि बिर्तामोडबीच भएको प्रतिस्पर्धामा ग्लोबल सुरूङगा विजयी भएको थियो । यस्तै दोस्रो खेल जनतामा मावि चुलाचुली र प्रजित एजुकेशनल एकेडेमी दमकबीच भएको थियो । सो खेलमा प्रजिता दमक विजयी भएको थियो ।

शुक्रबारै भएको सेमिफाइनलमा हिमावि र ग्लोबल केयर सुरूङबीच भएको खेलमा हिमावि विजयी भएको थियो भने ग्लोबल एजुकेशनल एकेडेमी दमक र प्रजिता एजुकेशनल एकाडेमीबीचको खेलमा ग्लोबल विजयी भएको थियो ।

फाइनलमा हिमावि र ग्लोबल एजेकेशनल एकाडेमी दमकबीच भएको थियो । सो खेलमा हिमावि उपविजेता बन्यो भने ग्लोबल विजेता बनेको छ ।

सो प्रतियोगिताको विजेता ग्लोबलले २० हजार नगदसहित गोल्ड मेडल, ट्रफी र प्रमाणपत्र प्राप्त गरेको छ भने उपविजेता हिमाविले १० हजार नगदसहित रजत पदक, ट्रफी र प्रमाणपत्र प्राप्त गरेको शिक्षक भोजप्रसाद भट्टराईले जानकारी गराए ।





◆ प्रधान सम्पादक/प्रकाशक: गञ्जबहादुर दाहाल, ◆ कार्यकारी सम्पादक: खगेन्द्र कार्की ◆ सहसम्पादक: विमल लामिछाने ◆ बजार व्यवस्थापक: केशव खनाल ◆ लेआउट: सुरेन बस्नेत
कार्यालय: दमक-५, झापा, फोन: ०२३-५७०२७२,
मुद्रण: ज्योति अफसेट प्रेस,
E-mail:purbasandesh@yahoo.com